# सर-सफाई सम्बन्धी लहान नगरपालिकाको अत्यन्त जरुरी सूचना

**(दोश्रो पटक प्रकाशित मिति २०७६/०९/०१)**

हाम्रो लहान, समृद्ध लहानको परिकल्पनालाई साकार पार्न यस नगरपालिकाबाट विभिन्न अभियानहरु संचालन हुँदै आई रहेको र स्वच्छ, सफा र सुन्दर नगर निर्माण गर्न सहयोग पु-याउने उद्देश्यले मिति २०७६/०४/०९ गतेको सर्व पक्षीय, सर्वदलीय निर्णय बमोजिम सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराए बमोजिम स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए अनुसार स्थानीय तहको क्षेत्राधिकारभित्र रही यस नगरपालिकाबाट मिति २०७६ साल पौष १५ गतेदेखि निम्न विषयहरु पूर्ण रुपले लागु गरी कडाईका साथ नियमन गरिने हुँदा आ-आफ्नो तह/क्षेत्रबाट सो अनुसार गरी गराई सहयोग पु-याई दिन सम्पूर्ण नगरवासी तथा सरोकारवालाहरुको जानकारीका लागि सरसफाई सम्बन्धी यो अत्यन्त जरुरी सार्वजनिक सूचना जारी गरिएको छ । अन्यथा नियमानुसारको कारवाही हुने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल :-**

०१. वडा नं. १, ३, ४, ५, ६, ७, ८, ९ र १० मा कुनै पनि फोहर सडक फुटपाथमा थुपार्न/फाल्न पाइने छैन । साथै बाँकी रहेको अन्य वडाहरुमा वडा कार्यालय तथा वडा टोल सुधार समितिको निर्णय बमोजिम फोहर व्यवस्थापन गर्नुपर्नेछ ।

०२. सार्वजनिक ऐलानी पर्ति र सडक क्षेत्र अतिक्रमण गरी निर्माण गरेका घर, टहरा, पर्खाल, छाप्रो आदि संरचनाहरु पौष १५ गतेभित्र अनिवार्य रुपले हटाई सार्वजनिक क्षेत्र खाली गर्नुपर्नेछ । खाली नगरेमा नगर-पालिकाबाट हटाईनेछ र सोमा लाग्ने सम्पूर्ण खर्च सम्वन्धित व्यक्ति/संस्थाबाट असुल उपर गरिनेछ ।

०३. क. सडक, बजार तथा खुल्ला सार्वजनिक स्थानमा पशु/चौपायालाई छाडा छाड्न निषेध गरिएको छ । पशु/चौपाया छाडा छाडेको पाइएमा नियन्त्रण लिई सम्बन्धित धनीलाई जरिवाना गरिने छ ।

ख. छाडा छाडिएका पशु चौपाया तथा पंक्षीहरु सडक दुघर्टनामा परेमा कुनै हर्जाना पाइने छैन तथा पशु चौपायाबाट सर्वसाधारण घाइते भएमा सोको उपचार खर्च निज धनीबाट असुल गरिने छ साथै पशु चौपायाको सदगद् गर्नुपरेमा सो खर्च समेत असुल उपर गरिने छ ।

०४. अनाधिकृत रुपले सडक क्षेत्रमा सवारी साधन पार्किङ्ग गर्न पाइनेछैन । नगरपालिकाबाट तोकिएको स्थानमा मात्र पार्किङ्ग गर्न पाईने छ ।

०५. सार्वजनिक स्थानमा अरुलाई असर पर्ने गरी ठूलो स्वरमा डि.जे. वा अन्य बाजा बिना अनुमति बजाई ध्वनी प्रदुषण गर्न पाईने छैन ।

०६. कालोपत्रे सडकमा जथाभावी खाल्डो खन्ने बाँस, पोल आदि गाड्ने कार्य र सडक क्षेत्रमा गिट्टी, बालुवा, ईटा, ढुंगा, छड आदि जस्ता निर्माण सामाग्रीहरु राख्न पाइने छैन ।

०७. खुल्ला क्षेत्रमा दिसा गर्न निषेध गरिएको छ ।

०८. उल्लेखित सूचनाको बर्खिलाप कसैले अटेर गरे/गराएको पाइएमा रु. १००।- देखि रु. ५,०००।- सम्म जरिवाना गरिने छ । साथै निर्माण सामाग्री जफत गरी लिलाम बिक्री जस्ता कार्यवाही गरी असुल उपर गरिने छ ।

०९. सडक, ऐलानी तथा सडक निर्धारित क्षेत्र अतिक्रमण हुनबाट जोगाउन निम्न लिखित कार्य गर्ने :-

क. अतिक्रमण गरिएको सडक क्षेत्र खाली गर्ने ।

ख. सार्वजनिक, सडक क्षेत्र, ऐलानी, पर्ति क्षेत्रमा नगरपालिकाको स्वीकृति बिना कुनै किसिमको घर, टहरा निर्माण नगर्ने/हटाउने ।

ग. नगरपालिकाले निर्धारण गरेको सडक सिमाभित्र कुनै किसिमको घर, टहरा तथा स्थायी वा अस्थायी संरचना नबनाउने र बनाइएको पाइए तुरुन्त कारवाही गरी सो संरचना हटाउने ।

१०. लहान क्षेत्रभित्र पटक-पटक सूचना गरी राजमार्गको ३१ मिटरको सिमा क्षेत्रमा बनेको बनाइएको घरहरु सम्वन्धीत व्यक्ति ले हटाउने, अटेर गरेमा न.पा.बाट हटाउने छ र हटाउने खर्च समेत असुल उपर गरिने छ ।

११. बिना इजाजत पटक-पटक पत्रबाट रोक्का राख्ने भन्दा अटेर गरी बनाइएको घरहरु अविलम्व हटाउने, अटेर गरेमा त्यस्ता घरहरु न.पा.ले हटाउनेछ र सोमा लाग्ने खर्च समेत निजबाट असुल उपर गरिने छ ।

लहान नगरपालिका
लहान (सिरहा)